# नेपाल एसबिआई बैंक लिमिटेड

## बाइसौं वार्षिक साधारण सभाको निर्णय (माइन्यूट)

१. **वैधानिक सभा :–**

नेपाल एसबिआई बैंक लिमिटेडको बाइसौं वार्षिक साधारण सभा बैंकको संचालक समितिका अध्यक्ष श्री हसना शर्माको अध्यक्षतामा देहायबमोजिम सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान तथा समय :-**

मिति : वि.सं. २०७२ माघ २४ गते (तदनुसार ७ फेब्रुअरी २०१६) आइतवार ।

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

समय : दिनको ११:०० बजे ।

३. **उपस्थिति :–**

**क) संचालकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री हसना शर्मा | : | अध्यक्ष |
| २. | श्री अनुप कुमार महापात्र | : | वैकल्पिक संचालक |
| ३. | श्री संजय कुमार सुरेका | : | संचालक |
| ४. | श्री केशव राज आचार्य | : | विशेषज्ञ संचालक |
| ५. | श्री अनुकूल भटनागर | : | प्रबन्धसंचालक |

**ख) पर्यवेक्षकको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री गंगा के.सी | : | पर्यवेक्षक, कम्पनी रजिष्ट्रारको कार्यालय |

**ग) अन्य उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री भी.के.त्यागी | : | प्रमुख संचालन अधिकृत |
| २. | श्री प्रिय रञ्जन | : | प्रमुख वित्तीय अधिकृत |
| ३. | श्री छपि राज पन्त | : | प्रमुख जोखिम अधिकृत |
| ४. | श्री देवराज अधिकारी | : | प्रमुख कर्जा अधिकृत (कार्यबाहक) |
| ५. | श्री रमेश घिमिरे | : | कम्पनी सचिव |
| ६. | श्री लेखनाथ पोखरेल | : | प्रमुख-लेखा परीक्षण विभाग |
| ७. | श्री सन्तोष भण्डारी | : | प्रमुख- लेखा विभाग |

८. श्री राजेन्द्र सामन्त : बाह्य लेखापरीक्षक

९. श्री पूर्णमान शाक्य : कानूनी सल्लाहकार

**घ) शेयरधनीको उपस्थिति :**

स्वयं उपस्थित : ५८२ जना ।

प्रतिनिधि मार्फत उपस्थित : -

**४. सभामा प्रस्तुत छलफलका विषयहरू :–**

**क. सामान्य प्रस्ताव:**

१. आ.व. २०७१/७२ का लागि संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७१/७२ को वार्षिक अर्थिक विवरण (आषाढ मसान्त २०७२ को वासलात, आ.व. २०७१/७२ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब लगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु.४,३४,५६,६३५/- बराबर (चुक्ता पूँजीमा १.४२% का दरले) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व. २०७२/७३ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक सम्बन्धी विषय अर्को साधारणसभा सम्मका लागि स्थगन गर्ने । [ बैंकको लेखापरीक्षण समितिको मिति ५/१०/२०७२ (१९/१/२०१६) मा बसेको ९४औं बैठकले मेशर्स पिएल श्रेष्ठ एण्ड कं., चार्टड एकाउण्टेन्टस्लाई आ.व. २०७२/७३ को लागि बैंकको लेखापरीक्षकमा पुन:नियुक्तिका लागि सिफारिस गर्ने र निजको पारिश्रमिक सम्बन्धि विषय अर्को साधारणसभा सम्मका लागि स्थगनमा राख्ने निर्णय गरेको । लेखापरीक्षण समितिबाट सिफारिस भएअनुसार नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले निर्धारण गरेको न्यूनतम पारिश्रमिक सम्बन्धि विषयवस्तुका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको फैसलालाई दृष्टिगत गरी लेखापरीक्षण समिति र लेखा परीक्षक बीच आपसमा सहमति भए अनुरूपको दरमा निजको पारिश्रमिक निर्धारण गरीनेछ ।]

५. विविध (अध्यक्षको अनुमतिमा) ।

**ख. विशेष प्रस्ताव:**

१. बैंकको अधिकृत पूँजी रु. ७,००,००,००,०००/- लाई बृद्धि गरी रु. १०,००,००,००,०००/- कायम गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२. संचालक समितिले प्रस्ताव गरे अनुसार अधिकतम रु. २ अर्ब ६० करोड सम्म हकप्रद शेयर निष्काशन गर्ने र (क) अन्तिम लेखापरीक्षणबाट कायम हुन आउने प्रति शेयर नेटवर्थको सीमा भित्र रही हकप्रद शेयरको प्रिमियम निर्धारण गर्न तथा (ख) हकप्रद शेयर निष्काशन गर्दाका

अखन विद्यमान रणनीतिक पक्षहरु एवं उपलब्ध व्यावसायिक अवसर समेतलाई दृष्टिगत गरी हकप्रद शेयरको रुपमा निष्काशन हुने शेयरको खास अनुपात, जारी हुने रकम र निष्काशनको चरण किटान गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन प्रस्ताव पारित गर्ने ।

३. बैंकको संचालक समितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरुलाई रु. ८२,५६,७६,०६५/- बराबर (चुक्ता पूँजीमा २७% का दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४. उपर्युक्त विशेष प्रस्ताव नं. १, २ र ३ को फलस्वरुप हाल कायम अधिकृत पूँजीको अक रु. ७,००,००,००,०००/- लाई बृद्धि गरी रु.१०,००,००,००,०००/- तथा जारी पूँजी रु.३,०६,३३,९५,६००/- लाई बृद्धि गरी रु.६,४९,०५,१२,३५३/- र हालको चुक्ता पूँजी रु. ३,०६,३३,९५,६००/- लाई बृद्धि गरी रु.६,४९,०५,१२,३५३/- पुऱ्याउन बैंकको प्रबन्धपत्रको दफा ५.१ को खण्ड (क),(ख) र (ग) मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय वागमती अन्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. २९, लैनचौर, नेपाल कायम गर्न प्रबन्धपत्रको दफा २(१) तथा नियमावलीको नियम २ मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

६. नेपाल राष्ट्र बैंकको ई.प्रा.निर्देशन नं. ६/०७२ को बुदाँ नं. १(१६) को अनुपालना गर्न बैंकको नियमावलीको ८(३) मा "तर, बैंकको अध्यक्ष तथा सञ्चालक लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैनन्" भन्ने प्रतिवन्धात्मक बाक्याश थप गर्ने नियमावलीको नियम ८(३) मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

७. बैंकले आ.व. २०७१/७२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा भुकम्प पीडित तथा देशको विभिन्न भागमा गएको बाढी पहिरो पीडितहरुको राहत तथा पुन:स्थापनका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई आर्थिक सहायत प्रदान गर्दा कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तरगत भएको खर्च रु.५०,००,०००/- लाई अनुमोदन गर्ने ।

८. नियामक निकायहरुको निर्देशनमा प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

सर्वप्रथम बैंकको संचालक समितिका उपस्थित सदस्यहरू, आमन्त्रित एवं पर्यवेक्षक महानुभावहरू र बैंक व्यवस्थापनका कर्मचारीहरूले मञ्च(डायस)मा आई आसन ग्रहण गर्नुभयो ।

**५.गणपुरक संख्या :-**

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

| कूल शेयरधनी संख्या | कूल शेयर संख्या | शेयरधनीको उपस्थिति | | | | | | शेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थित | | प्रतिनिधीमार्फत | | कूल उपस्थित | | |
| | | सख्या | शेयर | संख्या | शेयर | संख्या | शेयर | |
| २०,७१३ | ३,०५,८०,५९५ | ५८२ | २,१७,७०,९२७ | - | - | ५८२ | २,१७,७०,९२७ | ७१.१९% |

### ६. स्वागत:

सभाको शुरूमा कम्पनी सचिव श्री रमेश घिमिरेले सभामा उपस्थित संचालक, पर्यवेक्षक, आमन्त्रित तथा सम्पूर्ण शेयरधनीलाई हार्दिक स्वगत गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नु भयो । वहाँले बैंकको संचालक समितिमा सर्वसाधारण शेयरधनीलाई प्रतिनिधित्व गर्दै आउनुभएका संचालक श्री निरञ्जन कुमार टिवरेवाला अस्वस्थताका कारण देशबाहिर उपचाररत हुनुभएका कारण आजको साधारण सभामा अनुपस्थित हुनु भएको र सोका लागि वहाँले अनुमति माग गर्नुभए बमोजिम आवश्यक अनुमति प्रदान भएको जानकारी गराउनु भयो । एस.बि.आई. लाई प्रतिनिधित्व गर्ने संचालक श्री सिद्धार्थ सेन गुप्ता तथा श्री प्रवोध पारिख समेत कार्यालयीय आकस्मिकताका कारण अनुमति सहित अनुपस्थित हुनुभएको भए तापनि एस.बि.आई लाई प्रतिधित्व गर्ने संचालकको तर्फबाट श्री अनुप कुमार महापात्र उपस्थित हुनुभएको जानकारी गराइयो । संचालक श्री निञ्जनकुमार टिवरेवाला समेतले साधारण सभाको सफलताका लागि शुभकामना एवं वधाई सन्देश पठाउनुभएको समेत सभामा जानकारी गराइयो ।

### ७. सभाको वैधानिकता :–

आज बोलाइएको बाइसौं वार्षिक साधारण सभा शुरु हुनु अघि सभाको वैधानिकताको विषयमा छलफल भयो । आजको साधारण सभाको सूचना वि.सं. २०७२ पौष २४ गतेको "कारोबार राष्ट्रिय आर्थिक" दैनिक तथा २०७२ माघ १८ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा प्रकाशित प्रकाशित गरिनुका साथै बैंकको संक्षिप्त वार्षिक आर्थिक विवरण तथा सभामा छलफल गरिने अन्य विषयहरू सहितको सूचना सबै शेयरधनीहरूको व्यक्तिगत ठेगानामा हुलाक तथा कुरियरमार्फत पठाइएको र इच्छुक शेयरधनीहरूले बैंकको प्रधान कार्यालयमा आएर र बैंकको वेबसाइट मार्फत समेत वार्षिक प्रतिवेदन लगायतका विषयहरू प्राप्त गरी सभामा छलफल गरिने सम्पूर्ण विषयहरूका बारेमा जानकारी लिनुभएको कम्पनी सचिवद्वारा सभामा जानकारी गराइयो । आजको सभामा कुल



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

२०,७१३ शेयरधनीहरूमध्ये दिनको ११:१० बजेसम्ममा ५८२ जना शेयरधनीहरू स्वयं उपस्थित हुनुभई कुल चुक्ता पूँजीको ७१.१९ प्रतिशत शेयरको प्रतिनिधित्व भएको देखियो । सभामा उपस्थित सबै शेयरधनीहरू सभामा भाग लिन तथा मतदान गर्न पाउने भएको र आजको बाइसौं वार्षिक साधारण सभाका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम शेयरधनीहरूलाई सूचना दिइएको एवं सोही ऐनको दफा ७३ को उपदफा (२) अनुरूपको गणपूरक संख्यासमेत पुगेको व्यहोरा कम्पनी सचिवले सभाका अध्यक्षसमक्ष प्रस्तुत गर्नुभयो । सभा बोलाउनका लागि प्रचलित ऐन, कानूनको व्यवस्थाको पालना गरेको पाइएको र सभाको लागि आवश्यक गणपूरक संख्यासमेत पुगेको देखिएकोले सभाका अध्यक्ष श्री हसना शर्माले आजको सभाको काम-कारबाही शुरू गर्नुभयो ।

सभामा भएको छलफल तथा निर्णयको विवरण देहायबमोजिम रहेकोछ :

८. <u>सभा संचालन तथा प्रतिवेदन प्रस्तुति</u> :–

क) आज बसेको बाइसौं वार्षिक साधारण सभाका सभाध्यक्ष श्री हसना शर्माले उपस्थित सबै शेयरधनी महानुभावहरूलाई स्वागत गर्दै आ.व. २०७१/७२ को संचालक समितिको प्रतिवेदन तथा सोमा आधारित आफ्नो मन्तव्य सभासमक्ष प्रस्तुत गर्नुभयो ।

ख) सभाध्यक्षले लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७१/७२ को वार्षिक आर्थिक विवरण, २०७२ आषाढ मसान्तको वासलात, आ.व.२०७१/७२ को नाफानोक्सान हिसाब, सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाबलगायत सम्बद्ध अनुसूचीहरू सहितको वार्षिक आर्थिक विवरण छलफलका लागि प्रस्तुत गर्नु भई त्यसउपरको छलफलमा भाग लिन तथा बैंकको कारोबार सम्बन्धी विविध पक्षहरूमा आफ्ना विचार तथा जिज्ञासाहरू व्यक्त गर्नका लागि शेयरधनीहरूलाई अनुरोध गर्नुभयो ।

९. <u>छलफलमा सहभागी हुनेहरू</u> :–

छलफलका क्रममा देहायमा उल्लेख भएबमोजिमका शेयरधनी महानुभावहरूले बैंकको कामकारबाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनका सम्बन्धमा आ-आफ्ना राय तथा जिज्ञासाहरू व्यक्त गर्नुभयो ।

- श्री अमृत नाथ रेग्मी
- श्री उद्धवप्रसाद घिमिरे
- श्री व्यासकुमार शर्मा
- डा. माधव कुमार श्रेष्ठ
- मेजर कुबेर श्रेष्ठ
- श्री भक्ती प्रसाद उप्रेती

- श्री राजेश शाक्य
- श्री डमरु वल्लभ घिमिरे
- श्री शिव प्रसाद शर्मा
- श्री रोजकुमार श्रेष्ठ
- श्री जयन्द्र मान सिंह वानिया
- श्री नरसिंहलाल चखु
- डा. सुन्दर लाल श्रेष्ठ
- श्री चन्द्र नारायण श्रेष्ठ
- श्री कृष्ण प्रसाद अधिकारी
- श्री राम गोपाल महर्जन
- श्री नारायण सुन्दर श्रेष्ठ

१०. मन्तव्य, प्रतिक्रिया तथा प्रत्युत्तर :–

छलफलका क्रममा उल्लिखित शेयरधनीहरूले बैंकको काम कारोबार तथा वार्षिक आर्थिक विवरणका सम्बन्धमा आ-आफ्ना धारणा, प्रश्न, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया व्यक्त गर्नुभयो । उहाँहरूबाट व्यक्त धारणा, प्रश्न, जिज्ञासा, सुझाव तथा प्रतिक्रियालाई यसै माइन्यूटको अभिन्न अंगको रूपमा अनुसूची १ मा समावेश गरिएको छ ।

वक्ताहरूको बोल्ने क्रम सकिएपछि सभाध्यक्ष श्री हसना शर्माले बैंकको कामकारोबारका सम्बन्धमा शेयरधनीहरूबाट व्यक्त सुझाव तथा प्रतिक्रियाका लागि उहाँहरूलाई धन्यवाद ज्ञापन गर्दै उहाँहरूबाट व्यक्त जिज्ञासालाई सम्बोधन गर्न प्रबन्ध संचालक श्री अनुकूल भटनागरलाई अनुरोध गर्नुभयो ।

**यसक्रममा प्रबन्ध संचालक श्री अनुकूल भटनागरले शेयरधनीहरूबाट व्यक्त जिज्ञासालाई देहाय बमोजिम सम्बोधन गर्नुभयो :**

१. शेयरधनीबाट भएको स्वागत एवं शुभकामनाको लागि कृतज्ञता व्यक्त गर्दै साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूलाई स्वागत ।

२. अधिकांस सूचकाङ्कहरुबाट बैंकको समग्र व्यवसायिक क्रियाकलापमा प्रगति झल्किएको धारणा व्यक्त गर्दै संचालक समिति, एस.बि.आई. बाट खटि आएका कर्मचारी एवं बैंक प्रति कटिबद्ध कर्मचारीहरुको सहयोगका कारण यो प्रगति हासिल हुन सकेको धारणा व्यक्त ।

३. बैंकको प्रधान कार्यालयको लागि भवन निर्माणको सम्बन्धमा शेयरधनीहरुबाट व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंकले भवन निर्माण कार्य शुरु गर्न तय गरेकोमा मिति २०७२/१/१२ गते गएको विनाशकारी भुकम्प र त्यसपछिका पराकम्प एवं नेपाल

सरकारबाट जारी भवन निर्माण मापदण्ड लगायतका कारण बैंकलाई उपयुक्त हुने नयाँ जग्गाको खोजी गरिरहेको जानकारी गराउँदै शेयरधनीको सुझाव अनुरुप भवन निमार्ण कार्यलाई बैंकले प्राथमिकतामा राखेको धारणा व्यक्त ।

४. कर्मचारीको क्षमता अभिवृद्धि गर्ने सम्बन्धमा शेयरधनीबाट व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंक स्थानीय कर्मचारीको सीप बढाउन स्वदेश एवं विदेशमा रहेका प्रशिक्षण केन्द्रहरुमा कर्मचारहरुीलाई तालिम दिईरहेकोमा यस वर्षदेखि कर्मचारीको तालिम एवं वृति विकासका लागि वार्षिक योजना तयार गरी सो अनुरुप कार्यान्वयन गरिने र आ.व.२०७१/७२ मा ११८ जना कर्मचारीहरुलाई विभिन्न तालिम, प्रशिक्षण दिईएको जानकारी प्रस्तुत ।

५. साधारण सभा समयमै सम्पन्न हुन नसकेको सम्बन्धमा शेयरधनीबाट व्यक्त गुनासोलाई सम्बोधन गर्दै नेपाल राष्ट्र बैंकबाट पूँजी योजना पेश गर्नका लागि भएको निर्देशनको पालना गर्न एसबीआईइ समेतको सहभागितामा पूँजी योजना तयार गर्नुपर्ने कारण अपेक्षित समयमा साधारण सभा सम्पन्न गर्न नसकेको जानकारी गराउँदै आगामी साधारण सभा कार्त्तिक महिनाभित्रै सम्पन्न गर्ने प्रतिवद्धता जाहेर ।

६. आर्मी अफिसर्स क्लबमा नै साधारण सभा संचालन गरिनुपर्ने सम्वन्धमा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै सवैलाई पायक पर्ने केन्द्रिय रुपमा अवस्थित ठाँउ भएकोले बैंकको साधारण सभा आर्मी अफिसर्स क्लबमा गरिएको जानकारी प्रस्तुत ।

७. आगामी वर्षको मुनाफा लक्ष्यको सम्बन्धमा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै संचालक समितिले स्वीकृत गरेको बैंकको वार्षिक व्यवसायिक योजना अनुरुप बैंकको हाल आर्जित खुद मुनाफा भन्दा उल्लेख्य बढी आर्जन गर्ने लक्ष्य रहेको जानकारी प्रस्तुत । वर्तमान समय बैंकिंग क्षेत्रको लागि अनुकूल नभएतापनि शेयरधनी, कर्मचारी, संचालक समितिको सहयोगमा आगामी वर्ष खुद नाफामा वृद्दि हासिल हुने अपेक्षा व्यक्त ।

८. बेस दर बढी भएको भन्ने सम्बन्धमा सभामा व्यक्त गुनासोलाई सम्बोधन गर्दै बैंकको बेस दर गत आ.व. २०७१ पौष मसान्तको ६.८९ प्रतिशतमा सुधार भई २०७२ पौष मसान्तमा ५.९७ प्रतिशत रहेको र बैंकको पूँजी लागत समेत निरन्तर घट्दै गएको जानकारी प्रस्तुत ।

९. संस्थागत सामाजिक उत्तरदायित्वको सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंकले संस्थागत नागरिकको हैसियतमा समाज र देशप्रतिको आफ्नो दायित्वलाई सम्रोसँग बुझेको जानकारी गराउँदै बैंकको संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धी नीति संचालक समितिबाट स्वीकृत भइसकेको र उक्त नीति बमोजिम बैंकले आफ्नो

गत वर्षको खुद मुनाफा वा गत तीन वर्षको मुनाफाको औसतको १ प्रतिशत वा अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत वार्षिक बजेट मध्ये जुन कम हुन्छ त्यो रकम संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत सहयोग गर्ने निर्णय गरेको जानकारी ।

१०. अन्य प्रतिस्पर्धी बैंक सरह बैंकले प्रगति हासिल गर्न नसकेको भनी सभामा व्यक्त गुनासोलाई सम्वोधन गर्दै नेपाल एसबिआई बैंक सबै नेपालीलाई दिगो रुपमा गुणस्तरीय बैंकिङ्ग सेवा पुऱ्याउन प्रतिवद्ध रहेको र बैंकले पूर्णरुपमा नेपाली श्रोत र साधनको परिचालनवाट नै उपलब्धि हासिल गरिरहेको र बैंकको नाफाको बृद्धि दर समेत उत्साहजनक रहेको जानकारी प्रस्तुत ।

११. प्रिमियममा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा सभामा व्यक्त जिज्ञासाका सम्बन्धमा शेयरधनीहरुलाई सम्बोधन गर्दै नेपालको हकमा विल्कुलै नयाँ अभ्यास शुरु गरिन लागेको भएतापनि विकसित मुलुकहरुमा यो प्रचलनमा रहेको र यसले बैंकको पूँजी वृद्धि गरी व्यवशाय बृद्धि गर्न ठूलो सघाउ पुग्ने धारणा व्यक्त ।

१२. Capital adequacy को सम्वन्धमा व्यक्त जिज्ञासालाई सम्वोधन गर्दै बैंकको पूँजी पर्याप्तता १४ प्रतिशतभन्दा वढी रहेको हुँदा पूँजी पर्याप्तताको दृष्टिले बैंक सवल रहेको धारणा व्यक्त ।

१३. नयाँ शाखा खोल्ने मात्र नभई पुराना शाखाहरुको दक्षता अभिवृद्धि गर्नुपर्ने सभामा व्यक्त सुझावको सम्बोधन गर्ने क्रममा बैंकले नयाँ शाखा खोल्ने तर्फ मात्र नभई पुराना शाखाहरुबाट प्रवाह हुने सेवाको गुणस्तर सुधार गर्ने तर्फ ध्यान दिएको कारण ग्राहक सेवामा उल्लेख्य सुधार हुने प्रतिवद्धता जाहेर ।

१४. Merger and Acquisition लगायत सहायक कम्पनी खोल्ने सम्वन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्वोधन गर्दै उपयुक्त समयमा उपयुक्त बैंक तथा वित्तीय संस्थासंग Merge हुने वा उपयुक्त संस्थालाई Acquire गर्ने विकल्प खोजी गरिरेहको र Remittance, Micro Credit को कार्य गर्न Subsidiary/JVs क्रमिक रुपमा स्थापना गर्ने सम्वन्धमा समेत दिर्घकालीन निर्णय गरेको जानकारी प्रस्तुत गर्दै हालै मात्र मर्चेन्ट बैकिङ्ग सम्बन्धी कार्य गर्नका लागि बैकको पुर्ण शेयर स्वामित्व रहने गरी सहायक कम्पनी खोल्ने निर्णय गरेको वेहोरा जानकारी ।

१५. विना सूचना भुक्तानी भएको ड्राफ्ट भुक्तानी गरिएवापत बेहोर्नु परेको नोक्सानी असूलीका लागि बैंकले दायर गरेको मुद्दाका सम्बन्धमा सभामा व्यक्त जिज्ञासालाई सम्बोधन गर्दै बैंकले सर्वोच्च अदालतसमक्ष मुद्दा दोहऱ्याई पाउन निवेदन गरेको र

सम्मानित सर्वोच्च अदालतबाट दोहऱ्याउने निस्सा प्राप्त भई उक्त निवेदन सुनुवाइको क्रममा रहेको र आगामी सुनुवाई २०७२ फागुन ४ गते रहेको जानकारी प्रस्तुत ।

१६. जल विद्युत (Hydro Electircity) मा लगानी बृद्धि गर्न शेयरधनीहरुबाट सभामा व्यक्त सुझाव मननीय रहेको धारणा व्यक्त गर्दै बैंकले हरेक अवसरहरु सदुपयोग गर्दै लगानीका लागि प्राप्त जल विद्युत सम्बन्धी परियोजनाहरुको अध्ययन एवं विश्लेषणका आधारमा उपयुक्त जलविद्युत परियोजनामा लगानी गरिरहेको जानकारी प्रस्तुत ।

१७. शेयरधनीहरुले यस बैंक लगायत अन्य बैंकहरुको समेत वित्तीय विवरणहरुको राम्ररी अध्ययन गरी शेयरधनीहरुबाट राय सुझाव व्यक्त हुने हुदा प्राप्त सुझावले बैंकको कार्य संचालनमा महत्वपुर्ण सहयोग पुग्ने अपेक्षा गर्दै नयाँ नीति निर्माण गर्न र आफ्नो कार्यदिशा तय गर्न समेत सहयोग मिलेको धारणा व्यक्त ।

## ११. <u>सभाको निर्णय</u> :–

**क.सामान्य प्रस्तावतर्फः**

१. छलफलको विषयसूची नं.१ बमोजिम सभाध्यक्षले संचालक समितिका तर्फबाट पेश गर्नुभएको संचालकको प्रतिवेदनको अनुमोदन गरिदिन सभामा प्रस्ताव राख्नुभएकोमा त्यसको सर्वसम्मतिबाट अनुमोदन भयो ।

२. तत्पश्चात् सभाध्यक्षको प्रस्तावमा सभाले आ.व. २०७१/७२ को वार्षिक आर्थिक विवरण (लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात र सोही अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरू समेत) छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

३. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु.४ करोड ३४ लाख ५६ हजार ६ सय ३५ बराबर (चुक्ता पूँजीमा १.४२% का दरले) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धि प्रस्ताव सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

४. सभाध्यक्षले बैंकका वहालवाला लेखापरीक्षक मेशर्स पिएल श्रेष्ठ एण्ड कं., चाटर्डएकाउण्टेन्टस्लाई आ.व. २०७२/७३ का लागि पुनःनियुक्त गर्न सिफारिश गरेको र निजको पारिश्रमिक सम्बन्धी विषय अर्को साधारणसभा सम्मका लागि स्थगनमा राख्ने निर्णय गरेको र लेखापरीक्षण समितिबाट निर्णय भएअनुसार नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले निर्धारण गरेको न्यूनतम पारिश्रमिक सम्बन्धि विषयवस्तुका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको फैसलालाई दृष्टिगत गरी लेखापरीक्षण समिति र लेखा परीक्षक बीच आपसमा सहमति भए अनुरूपको दरमा निजको पारिश्रमिक निर्धारण गर्ने गरी यस साधारण सभामा पेश गरेको हुँदा आ.व. २०७२/७३ का लागि बैंकको लेखापरीक्षक नियुक्त गर्न तथा लेखापरीक्षण समितिले निर्धारण गरे अनुसार पारिश्रमिक सम्बन्धि विषय

अनुमोदनका लागि प्रस्ताव पेश गर्नुभएकोमा सभाले सो प्रस्तावलाई अनुमोदन गर्ने निर्णय गऱ्यो ।

५. निर्धारित विषयसूची नं. ५ को विविधमा कुनै प्रस्ताव नभएको ।

**ख. विशेष प्रस्तावः**

६. सभाध्यक्षले बैंकको मौजुदा अधिकृत पूँजी रु. ७ अर्ब मात्र रहेको हुँदा अधिकृत पूँजीको अंक बृद्धि नगरेसम्म बैंकको व्यवसायको लागि आवश्यक थप पूँजी परिचालन गर्न तथा बोनश शेयर जारी गर्न नसकिने अवस्था सृजना हुने जानकारी गराउँदै सभासमक्ष छलफलको विषय सुचीको विशेष प्रस्ताव अन्तर्गत बुँदा नं. १ मा प्रस्तावित बैंकको मौजुदा अधिकृत पूँजी रु. ७ अर्बबाट बृद्धि गरी रु.१० अर्ब पुऱ्याउने सम्बन्धी विशेष प्रस्ताव पेश गर्नुभएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

७. सभाध्यक्षले सभासमक्ष विशेष प्रस्ताव अन्तर्गत बुँदा २ मा प्रस्तावित गरिए अनुसार अधिकतम रु. २ अर्ब ६० करोड सम्म हकप्रद शेयर निष्काशन गर्ने र (क) अन्तिम लेखापरीक्षणबाट कायम हुन आउने प्रति शेयर नेटवर्थको सीमा भित्र रही हकप्रद शेयरको प्रिमियम निर्धारण गर्न तथा (ख) हकप्रद शेयर निष्काशन गर्दाका बखत विद्यमान रणनीतिक पक्षहरु एव उपलब्ध व्यवशायिक अवसर समेतलाई दृष्टिगत गरी हकप्रद शेयरको रुपमा निष्काशन हुने शेयरको खास अनुपात, जारी हुने रकम र निष्काशनको चरण किटान गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभासमक्ष पेश गर्नुभएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

८. सभाध्यक्षले विशेष प्रस्ताव अन्तर्गत बुँदा ३ मा प्रस्तावित गरिए अनुसार बैंकको संचालकसमितिले प्रस्ताव गरेअनुसार शेयरधनीहरूलाई रु.८२ करोड ५६ लाख ७६ हजार ६५ बराबर (अर्थात चुक्ता पूँजीमा २७% का दरले) बोनस शेयर वितरण गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरिदिन सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

९. विशेष प्रस्तावको बुँदा १, २ र ३ बमोजिम पारित मौजुदा अधिकृत, जारी तथा चुक्ता पूँजीको अंकमा बृद्धि गर्ने विशेष प्रस्तावको फलस्वरुप बैंकको प्रबन्धपत्रको दफा ५.१ को खण्ड (क), (ख) र (ग) मा संशोधन गर्नु पर्ने भएको हुँदा छलफलको विषयसूचीको विशेष प्रस्ताव अन्तर्गत बुँदा ४ मा प्रस्ताव गरिए अनुसार प्रबन्धपत्रमा संशोधन गरी देहायबमोजिम दफा ५ को उपदफा १ को खण्ड (क), (ख) र (ग) कायम गर्नेसम्बन्धी विशेष प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

प्रबन्धपत्रको दफा ५ को उपदफा १ को खण्ड (क), (ख) र (ग) को सट्टामा देहायबमोजिम उपदफा १ को खण्ड (क), (ख) र (ग) कायम गर्ने:

(क) बैंकको अधिकृत पूँजी रु.१०,००,००,००,०००/- (दश अर्व रुपैयाँ) हूनेछ । जसलाई रु. १००/- (एक सय रुपैयाँ) का दरले १०,००,००,००० (दश करोड) साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) बैंकको जारी पूँजी रु. ६,४९,०५,१२,३५३/- (छ अर्व उनन्पचास करोड पाँच लाख बाह्र हजार तिन सय त्रिपन्न रुपैंया) हुनेछ । जसलाई रु.१००/-(एक सय रुपैंया) का दरले ६,४९,०५,१२३.५३ (छ करोड उनन्पचास लाख पाँच हजार एक सय तेइस दशमलब त्रिपन्न) साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) बैंकको चुक्ता पूँजी रु.६,४९,०५,१२,३५३/-(छ अर्व उनान्चास करोड़ पाँच लाख बाह्र हजार तिन सय त्रिपन्न रुपैंया) हुनेछ ।

१०. बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय वाग्मती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा न. २९, लैनचौर, नेपाल कायम गर्न प्रबन्धपत्रको दफा २(१) तथा नियमावलीको नियम २ मा संशोधन गर्नेसम्बन्धी पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

प्रबन्धपत्रको दफा २ को उपदफा १ तथा नियमावलीको नियम २ को सट्टामा देहायबमोजिम प्रबन्धपत्रको दफा २ को उपदफा १ तथा नियमावलीको नियम २ कायम गर्ने:

“यस बैंकको रजिष्टर्ड (प्रधान) कार्यालय वाग्मती अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. २९, लैनचौर, नेपालमा रहनेछ ।”

११. नेपाल राष्ट्र बैंकको ई.प्रा.निर्देशन नं. ६/०७२ को बुदाँ नं. १(१६) को अनुपालना गर्न बैंकको नियमावलीको ८(३) मा “तर, बैंकको अध्यक्ष तथा सञ्चालक लगातार दुई पटकभन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैनन्” भन्ने प्रतिवन्धात्मक बाक्याशं थप गर्ने नियमावलीको नियम ८(३) मा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

नियमावलीको नियम ८ को उपनियम ३ को सट्टामा देहायबमोजिम नियमावलीको नियम ८ को उपनियम ३ कायम गर्ने:

“यस नियमावली बमोजिम मनोनित, निर्वाचित वा नियुक्त भएका संचालकहरुको कार्यकाल बढिमा चार वर्षको हुनेछ । पदावधी समाप्त भई संचालकको पदबाट अवकाश प्राप्त गर्ने व्यक्ति संचालकको पदमा पूनः नियुक्त हुन सक्नेछ ।

तर, बैंकको अध्यक्ष तथा सञ्चालक लगातार दुई पटक भन्दा बढी उक्त पदमा निर्वाचित, मनोनित वा नियुक्त हुन सक्ने छैनन् ।”

१२. बैंकले आ.व. २०७१/७२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा भुकम्प पिडीत तथा देशको विभिन्न भागमा गएको बाढी पहिरो पीडितहरुको राहत तथा पुनःस्थापनका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई आर्थिक सहायता प्रदान गर्दा

कम्पनी ऐन, २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा नाघेको हुँदा सो अन्तरगत भएको खर्च रु.५०,००,०००/- लाई अनुमोदन गर्ने विशेष प्रस्ताव अनुमोदन गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

१३. प्रबन्धपत्र तथा नियमावलीका दफा/नियममा भएको संशोधनका सम्बन्धमा नियमन निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई प्रबन्धपत्र तथा नियमावलीको संशोधित दफामा आवश्यकताअनुसार परिवर्तन/परिमार्जन गर्न अख्तियारी गर्ने सम्बन्धी प्रस्ताव पारित गरिदिन सभाध्यक्षले सभासमक्ष पेश गर्नुभएकोमा प्रबन्धपत्र तथा नियमावलीको संशोधित व्यवस्था तथा त्यसको तीन महले तयार गर्ने, भाषागत एवं ढाँचागत स्वरूप निर्धारण गर्ने, त्यसको हेरफेर गर्ने, प्रमाणित गर्ने, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत सम्बद्ध निकायसमक्ष आवश्यकताअनुसार प्रबन्धपत्र तथा नियमावली संशोधनको अभिलेख गराउने लगायतका आवश्यक कामकारबाही गर्न तथा यस साधारणसभाका कुनैपनि निर्णयको कार्यान्वयनको सिलसिलामा कुनै अस्पष्टता वा द्विविधा उत्पन्न भएमा त्यस्तो अस्पष्टता वा द्विविधा हटाउन उचित व्याख्या गर्ने तथा यस सम्बन्धमा नियमन निकायहरूले कुनै निर्देशन दिएमा संचालक समितिलाई प्रबन्धपत्रको संशोधित दफामा आवश्यकताअनुसार परिवर्तन/परिमार्जन गर्न अख्तियारी प्रदान गर्ने समेत सर्वसम्मतिबाट निर्णय गऱ्यो ।

१४. सभाध्यक्षले साधारणसभामा प्रस्तुत सम्पूर्ण विषयहरू आधिकारिक छलफल भई पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् दिनको दिउँसो २.४५ बजे सभाध्यक्ष श्री हसना शर्माले विधिवत् रुपमा सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| **रमेश घिमिरे** | **हसना शर्मा** |
| **(कम्पनी सचिव)** | **(अध्यक्ष)** |

### ❖ श्री अमृत नाथ रेग्मी

- बैंकले रु. १ अर्ब ६ करोड ५४ लाख खुद मुनाफा आर्जन गरी Billionaires' club मा पर्न सफल भएकोमा धन्यवाद ज्ञापन ।
- साधारण जगेडा वढाउने तर्फ ध्यान केन्द्रित गर्न सुझाव व्यक्त ।
- वासलातको आकार बृद्धि गर्नुपर्ने धारणा व्यक्त ।
- आवधिक कर्जा कम भएको तर्फ ध्यानाकर्षण गराउँदै आवधिक कर्जा वढाउनुपर्ने धारणा व्यक्त ।
- अन्य बैंकहरुको तुलनामा खुद ब्याज आम्दानी अनुपात बृद्धि गर्नुपर्ने सुझाव व्यक्त ।
- ठूला परियोजनाहरुलाई सहयोग गर्न उच्च प्रतिफल दिने म्युचल फण्ड (Mutual Fund) जारी गर्नेतर्फ ध्यान दिन आग्रह ।
- प्रिमियममा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा जिज्ञासा व्यक्त गर्दै प्रिमियममा हकप्रद शेयर जारी गर्ने हो भने आगामी वर्ष वोनश शेयर प्रतिशत वृद्धि गर्न अनुरोध ।
- अन्य बैंकको तुलनामा बैंकको आधार व्याजदर बढी भएको गुनासो व्यक्त गर्दै त्यसमा सुधार गर्नुपर्ने धारणा व्यक्त ।
- कर्मचारी खर्च बृद्धि भएकोमा जिज्ञासा व्यक्त ।
- बैंकले प्रधान कार्यालय वनाउनको लागि जग्गा खरिद गरेको भएतापनि अहिलेसम्म भवन बन्न नसक्नुको कारण माग गर्दै यसले बैंकको छविमा असर गरेको जानकारी व्यक्त ।
- बैंकको परिचय दिँदा एस.बि.आई. बैंकको विदेशी सहायक कम्पनी भन्दा पनि संयुक्त लगानीको कम्पनी लेख्न उपयुक्त हुने सुझाव ।

### ❖ डा. माधव कुमार श्रेष्ठ

- बैंकको पुँजी योजनाका सम्बन्धमा जिज्ञासा व्यक्त गर्दै आगामी तीन वर्षको खुद मुनाफा लक्ष्यका बारेमा शेयरधनीलाई जानकारी गराउन आग्रह ।
- मूल्य आम्दानी अनुपात (PE Ratio) का राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डका बारेमा जिज्ञासा व्यक्त ।
- आगामी वर्षको लाभांशका सम्बन्धमा अनिश्चय रहेको भन्दै शेयरधनीलाई दिने लाभांशका सम्बन्धमा दिर्घकालीन लाभांश नीति तयार गर्न सुझाव व्यक्त ।
- बैंकलाई अझ सवल वनाउनका लागि आवश्यक मार्गदर्शन लिखित रुपमा सभाध्यक्षलाई उपलब्ध ।

### ❖ श्री उद्धवप्रसाद घिमिरे

- शेयरधनीलाई २७ प्रतिशत वोनस शेयर र १.४२ प्रतिशत नगद लाभांश दिएकोमा धन्यबाद ज्ञापन ।



NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

- प्रिमियममा हकप्रद शेयर जारी गरिएमा प्रिमियमको लेखांकन र हकप्रद शेयरको अनुपात एवं प्रिमियम के कति र कसरी हुने भनी जिज्ञासा व्यक्त ।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले सिन्डीकेट (Syndicate) गरेको हुँदा उसको निर्णय पालना नर्गन अनुरोध गर्दै लेखापरीक्षक शुल्क बृद्धि नगर्न सुझाव व्यक्त ।
- बैंकको परिचय दिँदा एस.बि.आई. बैंकको विदेशी सहायक कम्पनी भन्दा पनि संयुक्त लगानीको कम्पनी लेख्न उपयुक्त हुने सुझाव ।
- विना सूचना भुक्तानी भएको ड्राफ्ट मुद्दाका सम्बन्धमा जिज्ञासा व्यक्त ।
- सीमा क्षेत्रमा भएको बन्दका कारण प्रतीतपत्र व्यापारमा असर परेको वा नपरेको सम्बन्धमा जिज्ञासा व्यक्त ।
- आगामी वर्ष साधारण सभा पुस मसान्त भित्रै गर्न आग्रह ।

### ❖ मेजर कुबेर श्रेष्ठ

- Welcomed new Manging Director of the Bank.
- Appreciated the management for earning net profit of Rs.106.54 crore and reduction in NPA.
- Thanked the Bank for introduction of various deposit, loan and other products and enquired about the scheme for Nepalese Pensioners.
- Advised the Management to make a plan to achieve deposit volume of Rs.80 billion, advances of Rs.60 billion and 40% return to shareholder next year.
- Premium on the Right Shares should be minimum.
- Give preference to the children of shareholders during recruitment.
- Bank should come up with 'NSBL Scholarship Fund' for intelligent but poor students.

### ❖ श्री व्यासकुमार शर्मा

- जगेडा तथा कोषहरु विगत वर्षको तुलनामा वृद्धि भएको भएतापनि पर्याप्त नभएको धारणा व्यक्त गर्दै आगामी वर्षहरुमा मुनाफामा वृद्धि गर्न सुझाव व्यक्त ।
- निक्षेपको मात्रा घटेको भएतापनि कोष लागतमा कमी भएकोमा खुशी व्यक्त ।
- लगानीमा कमी भएको तर्फ ध्यानाकर्षण गराउँदै उच्च प्रतिफल हुने क्षेत्रहरु जस्तै जलविद्युत, उर्जा, विमा तथा शेयरमा ध्यान केन्द्रीत गर्न आग्रह ।
- कुल व्याज आम्दानीमा कमी भएको भएतापनि मुनाफामा वृद्धि गर्न बैंक सफल भएको धारणा व्यक्त ।
- हकप्रद शेयर विक्रीबाट प्राप्त हुने प्रिमियमको शेयरधनीलाई उच्चतम प्रतिफल दिने गरी उपयोगमा ल्याउन आग्रह ।

❖ **श्री भक्ति प्रसाद उप्रेती**

- शेयरधनीहरुलाई उचित प्रतिफल दिन सकेकोमा आभार व्यक्त ।
- शेयरधनीलाई समयमै वार्षिक प्रतिवेदन पुग्न नसकेको तर्फ ध्यानाकषर्ण गराउँदै समयमै वार्षिक प्रतिवेदन उपलब्ध गराउन आग्रह ।
- साधारण सभा समयमै हुन नसकी बैंकले कम्पनी रजिष्टारको कार्यालयमा जरीवाना तिरेको हुँदा आगामी वर्ष समयमै साधारण सभा गर्न आग्रह ।
- सम्पत्ति तथा निक्षेपको मात्रा घटेको भएतापनि मुनाफामा वृद्धि गर्न सफल भएकोमा धन्यवाद ज्ञापन ।
- प्रिमियममा हकप्रद शेयर जारी नगर्न आग्रह गर्दै बैंकले यसरी प्रिमियममा शेयर जारी गर्नुपर्नाको सम्बन्धमा जिज्ञासा व्यक्त गर्दै यस सम्बन्धमा पुनर्बिचार गर्न अनुरोध ।
- उर्जा क्षेत्रमा लगानी बृद्धि गर्न आग्रह ।

❖ **श्री राजेश शाक्य**

- एस.बि.आई.बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालकको उपस्थिति न्यून रहेको तर्फ ध्यानाकर्षण ।
- चुक्ता पूँजी बृद्धि पश्चात समेत बैंकले न्यूनतम २० प्रतिशत वोनस शेयर दिनुपर्ने धारणा व्यक्त ।
- प्रिमियममा हकप्रद शेयर जारी नगर्न आग्रह गर्दै यस सम्बन्धमा पुनर्बिचार गर्न अनुरोध ।
- बैंकले भुकम्प पीडित तथा देशको विभिन्न भागमा गएको बाढी पहिरो पीडितहरुको राहत तथा पुनःस्थापनका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई आर्थिक सहायता प्रदान गर्दाको रकमका सम्बन्धमा जिज्ञासा व्यक्त ।
- बैंकले विशेष प्रस्ताव अन्तर्गत बुँदा नं. १ मा प्रस्तावित एजेण्डा सचेत रुपमा लागु गर्नुपर्ने धारणा व्यक्त ।

❖ **डा. सुन्दर लाल श्रेष्ठ**

- शेयरधनीलाई २७ प्रतिशत वोनस शेयर दिएकोमा धन्यवाद ज्ञापन ।
- बैंकको आगामी साधारण सभा आर्मी अफिसर्स क्लब भन्दा अन्यत्र गर्न अनुरोध ।
- प्रिमियममा हकप्रद शेयर जारी नगर्न आग्रह गर्दै १:१ हकप्रद शेयर जारी गर्न आग्रह ।
- साधारण सभा समयमै हुन नसकेको गुनासो गर्दै आगामी वर्ष समयमै साधारण सभा सम्पन्न गर्न आग्रह ।
- निक्षेप तथा लगानी घट्न गएको तर्फ ध्यानाकर्षण ।
- खर्च नियन्त्रण गर्न सुझाव व्यक्त ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

- मुद्दती निक्षेपको तुलनामा बचत निक्षेपमा वृद्धि भएको भएतापनि बचत निक्षेप अझै कमी रहेको धारणा व्यक्त ।

### ❖ श्री डमरु वल्लभ घिमिरे

- शेयरधनीलाई २७ प्रतिशत वोनस शेयर दिएकोमा धन्यवाद ज्ञापन ।
- प्रिमियममा हकप्रद शेयर जारी गर्नुपर्नाको सम्बन्धमा जिज्ञासा व्यक्त ।
- साधारण सभा समयमै हुन नसकेको गुनासो ।

### ❖ श्री चन्द्र नारायण श्रेष्ठ

- बैंकिङ्ग उद्योगको बृद्धि अनुरूप बैंकको कर्जा तथा सापटीमा बृद्धि नभएको गुनासो ।
- कृषि र जलविद्युत जस्ता उत्पादनशील क्षेत्रतर्फ कर्जा लगानीमा बृद्धि भएको धारणा व्यक्त ।
- निक्षेप तर्फ बचत निक्षेपको हिस्सा बढ्न गएको धारणा व्यक्त ।
- प्रतिशेयर आम्दानीमा वृद्धि भएको धारणा व्यक्त ।

### ❖ श्री शिव प्रसाद शर्मा

- २७ प्रतिशत बोनस शेयर र १.४२ प्रतिशत नगद लाभांश दिन बैंक सफल भएकोमा धन्यवाद ज्ञापन ।
- प्रिमियममा हकप्रद शेयर जारी गर्नुपर्नाको सम्बन्धमा गुनासो गर्दै शेयरधनीको हकाधिकारका वारेमा जिज्ञासा व्यक्त ।
- वार्षिक प्रतिवेदनमा क्षेत्रगत कर्जाको विवरण समेत संलग्न गर्न आग्रह ।
- प्रधान कार्यालयको आफ्नै भवन निर्माण गर्न आग्रह ।
- लगानी कम भएको तर्फ ध्यानाकर्षण ।
- वार्षिक साधारण सभा समयमै हुन नसकेकोले बैंकले जरिवाना तिरेको देखिँदा बैंकको छविमा असर पार्ने धारणा व्यक्त ।

### ❖ श्री कृष्ण प्रसाद अधिकारी

- बैंक संचालक समितिको अध्यक्षमा महिला हुनु सराहनीय भएको धारणा व्यक्त ।
- नवनियुक्त प्रबन्ध संचालकलाई कार्यकालको लागि शुभकामना व्यक्त ।
- नेपाली वार्षिक प्रतिवेदन समयमै शेयरधनीकोमा पुग्न नसकेको गुनासो ।
- साधारण सभा त्रिभुवन आर्मी अफिसर्स क्लवमा नभई अन्यत्र स्थानमा गर्नुपर्ने धारणा व्यक्त ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

❖ **श्री रोजकुमार श्रेष्ठ**

- साधारण सभामा अध्यक्षद्धारा प्रस्तुत प्रतिवेदन लामो भएको धारणा व्यक्त गर्दै उक्त प्रतिवेदन छोटो हुनुपर्ने सुझाव व्यक्त ।
- प्रिमियममा हकप्रद शेयर जारी गर्ने प्रस्ताव नितान्त नयाँ व्यवस्था भएको धारणा व्यक्त गर्दै संस्थापकहरुले समेत लगानी गर्नुपर्ने हुँदा पुँजीगत आधार बढ्न जाने भएको कारण यसको विरोध गर्न नहुने धारण व्यक्त ।
- नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले आफै लेखा परीक्षण शुल्क निर्धारण गर्ने व्यवस्थाको आफू विपक्षमा रहेको धारणा व्यक्त ।
- २०७१/७२ को वित्तीय विवरण उपर नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृति अनुरुप साधारण सभा सम्पन्न गर्न भएको ढिलाई स्वाभाविक रहेको धारणा व्यक्त ।

❖ **श्री राम गोपाल महर्जन**

- अन्य बैंकको तुलनामा निक्षेप तथा कर्जा लगानीमा वृद्धि नभएको गुनासो ।
- शाखा विस्तार गर्नुभन्दा पनि संचालनमा रहिरहेको शाखाहरुलाई दक्ष वनाउनुपर्ने धारणा व्यक्त ।
- जलविद्युत एवं लघु वित्त क्षेत्रमा लगानी वृद्धि गर्नुपर्ने धारणा व्यक्त ।
- भुक्तानी दिन बाँकी लाभांशको मात्रा घटाउनुपर्ने धारणा व्यक्त ।
- कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक प्रशिक्षण तथा समय सापेक्ष सुविधा दिनुपर्ने धारणा व्यक्त ।

❖ **श्री जयन्द्र मान सिंह वानिया**

- सम्पत्तिको परिचालन र सम्पत्तिमा प्रतिफलको आधारमा बैंकले अझै सुधार गर्नुपर्ने धारणा व्यक्त ।
- पुँजीकोष पर्याप्त रहेको धारणा व्यक्त ।
- सर्व साधारण निक्षेपकर्ताको सुरक्षणको लागि नेपाल राष्ट्र बैंकले गरेको पुँजी वृद्धि निर्णय उचित भएको धारणा व्यक्त ।
- बैंकले यस वर्ष दक्षतापुर्वक सम्पत्तिको परिचालन गर्न सफल भएको धारणा व्यक्त ।
- गतवर्ष भन्दा निक्षेप घटेको तर्फ ध्यानाकर्षण ।

❖ **श्री नारायण सुन्दर श्रेष्ठ**

- बैंकले कर्मचारी नियुक्त गर्दा शेयरधनीहरुका छोराछोरीलाई प्राथमिकता दिन आग्रह ।

- नेपाल लेखापरीक्षण सघंको लेखापरीक्षण शूल्क निर्धारण स्वेच्छाचारी रहेको धारणा व्यक्त गर्दै त्यस्ता निर्णयको विरोध गर्नुपर्ने धारणा व्यक्त ।
- साधारण सभामा एक जना मात्र लेखापरीक्षकको नियुक्तिका लागि प्रस्ताव गरेकोमा गुनासो गर्दै एक भन्दा बढी लेखापरीक्षकको नाम सिफारिस गर्नुपर्ने धारणा व्यक्त ।
- प्रिमियममा शेयर जारी गर्दा न्यूनतम प्रिमियम कायम गर्न आग्रह ।
- नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले लेखा परीक्षण शुल्क निर्धारण गर्ने व्यवस्था गलत भएको धारणा व्यक्त ।

❖ **श्री नरसिंहलाल चखु** (लिखित रुपमा प्राप्त)

- वासलातको आकार, व्यवसाय विस्तारका आधारमा समष्टिमा बैंकले प्रगति गरेको धारणा व्यक्त ।
- लगानीकर्ताको प्रतिफललाई सुनिश्चित गर्न बैंक सफल भएको धारणा व्यक्त ।
- जगेडा कोष र ऋण प्रवाहमा प्रगति गरेको तर निक्षेप र लगानीमा विगत वर्षभन्दा न्यून रहेको धारणा व्यक्त गर्दै यस क्षेत्रमा सुधार गर्नुपर्ने धारणा व्यक्त ।
- Hedge Fund लाई परिचालन गर्नु पर्ने धारणा व्यक्त ।
- सूशासनमा बैंक सफल रहेको धारणा व्यक्त ।
- शाखाहरुको क्रियाकलाप नाफामुलक हुनुपर्ने धारणा व्यक्त ।
- विदेशी विनिमय व्यवस्थापनमा प्रगति गरेको भएतापनि अझ सुधार गर्नुपर्ने धारणा व्यक्त ।
- नेपालको संविधान अनुसार बैंकको क्रियाकलाप संघीय संरचना अनुरुप हुनुपर्ने धारणा व्यक्त ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.